गौमुल गाउँपालिका
☎ ९८४८४९२७२७
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## आ.व २०८२।२०८३ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सुचना।

प्रथम पटक प्रकाशित मिति २०८१।११।०१
ने.सं.११४५ सिल्लागा पारु,बिहिवार

प्रस्तुत विषयमा रोजगीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ उपदफा १ रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ को उपदफा १ बमोजिम आर्थिक वर्ष २०८२।२०८३ मा न्युनतम रोजगारीमा संलग्न हुन सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाति, दलित तथा अन्य सिमान्तकृत समुदाय लाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम हरेक नेपाली नागरिकले रोजगारीमा संलग्न हुन चाहाने १८-५९ वर्ष उमेर सम्मका बेरोजगार व्यक्तिहरुले २०८१ फागुन मसान्तसम्म आवश्यक कागजात सहित स्थायी बसोबास रहेको वडा कार्यालयबाट फारम भरी दर्ता गराउन हुन जानकारी गरिन्छ। साथै आ.व २०८०।२०८१ मा सुचिकृत भएका बेरोजगारहरुले समेत आगामी आ.व २०८२।२०८३ का लागि सुचिकृत हुन तोकिएको निवेदन फारम भरी नविकरण गराउन हुन यो सुचना प्रकासन गरिएको छ।

जगदिश प्रसाद भट्ट
नि.प्रमुख प्रसाशकिय अधिकृत

तपशिल

१. सम्बन्धिन व्यक्तिको नागरिकताको प्रतिलिपी एक प्रती।
२. हाल सालै खिचिएको पास पोट साईजको फोटो एक प्रती।
३. उमेर १८ बर्ष पुरा भई ५९ वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्नेछ।
४. निबेदन दिदाँको मितिसम्म सोहि आर्थिक बर्षमा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नरहेको हुनुपर्नेछ।
५. रोजगारीमा संलग्न व्यक्तिको हकमा निबेदन दिंदाको मिति सम्म सोहि आर्थिक बर्षमा न्युनतम सय दिनको रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आय रु ६६८०० भन्दा कम आय भएको हुनु पर्नेछ।
६.सम्बन्धित बेरोजगार व्यक्तिको परिवारको नागरिकता तथा जन्म दर्ताको प्रतिलिपि १ प्रति।
७. निबेदकको बैक खाता र सम्पर्क नम्बर
८.नागरिकतामा फरक जारी जिल्ला भएमा बसाईसराई तथा बिबाह दर्ताको प्रतिलिपि अनिवार्य हुनुपर्नेछ।
९. फारम सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभ साईट http://pmep.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ।

बोधार्थ:

श्री सुचना प्रविधि अधिकृत ज्यु Webside मा अपलोड गरिदिन हुन।
श्री रेडियो गौमुल १०४.३ मेगाहर्ज सुचना प्रसारण गरि दिन हुन।



CamScanner